नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(जनशक्ति विकास तथा स्थानीय तह कर्मचारी अभिलेख शाखा)
फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः- ०७४/७५
चलानी नं.:- २१८

मितिः २०७४।०८।२८

श्री नगर प्रमुख एवं उप प्रमुखज्यू, प्रदेश नं. १ का सबै महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाहरु ।
श्री अध्यक्ष एवं उपाध्यक्षज्यू, प्रदेश नं. १ का सबै गाउँपालिकाहरु ।
श्री प्रमुख प्रशासकिय अधिकृतज्यू (कार्यकारी अधिकृत), प्रदेश नं. १ का सबै नगर कार्यपालिका/गाउँ कार्यपालिकाहरु ।

विषयः प्रदेश नं.१ का जिल्लामा अभिमुखीकरण कार्यक्रममा सहभागिता सम्बन्धमा।

प्रस्तुत विषयमा प्रदेश नं.१ का सबै महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाका निर्वाचित प्रमुखज्यू एवं उपप्रमुखज्यू तथा गाउँपालिकाका अध्यक्षज्यू एवं उपाध्यक्षज्यू र प्रमुख प्रशासकीय अधिकृतज्यूहरुलाई **"स्थानीय सरकार सञ्चालन तथा बजेट तर्जुमा"** सम्बन्धी तीन दिने अभिमुखीकरण मन्त्रालयका अधिकारी एवं विषय विज्ञहरुबाट तपशिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकाले उक्त अभिमुखीकरणमा सहभागी हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०८/२८ को निर्णयानुसार सादर अनुरोध गर्दछु।

| सि.नं. | मिति | जिल्ला | स्थान र समय |
|---|---|---|---|
| १ | २०७४ पुस ४ देखि ६ गते सम्म | ताप्लेजुङ | स्थानः जिल्ला सदरमुकाम वा उपयुक्त स्थानमा कार्यक्रम स्थल तय भएपछि जि.स.स.को कार्यालय मार्फत जानकारी गराईनेछ । समयः विहान ०८:०० बजे देखि १७:०० बजे सम्म । |
| २ | २०७४ पुस ४ देखि ६ गते सम्म | मोरङ | |
| ३ | २०७४ पुस ५ देखि ७ गते सम्म | पाँचथर | |
| ४ | २०७४ पुस ५ देखि ७ गते सम्म | ईलाम | |
| ५ | २०७४ पुस ५ देखि ७ गते सम्म | तेह्रथुम | |
| ६ | २०७४ पुस ५ देखि ७ गते सम्म | सुनसरी | |
| ७ | २०७४ पुस ५ देखि ७ गते सम्म | उदयपुर | |
| ८ | २०७४ पुस ६ देखि ८ गते सम्म | झापा | |
| ९ | २०७४ पुस ७ देखि ९ गते सम्म | ओखलढुङ्गा | |
| १० | २०७४ पुस ८ देखि १० गते सम्म | धनकुटा | |
| ११ | २०७४ पुस ८ देखि १० गते सम्म | भोजपुर | |
| १२ | २०७४ पुस ८ देखि १० गते सम्म | खोटाङ | |
| १३ | २०७४ पुस ८ देखि १० गते सम्म | सोलुखुम्बु | |
| १४ | संखुवासभाको हकमा मिति पछि तोकि सूचना गरिनेछ । | | |

साथै कार्यक्रम आवासीय रुपमा व्यवस्था गरिएको छ । सहभागीज्यूहरुको भ्रमण खर्च आफ्नो निकायबाट नै व्यवस्था हुन समेत निर्णयानुसार अनुरोध छ ।

(सुमन घिमिरे)
उपसचिव

**बोधार्थः**

श्री जिल्ला समन्वय अधिकारीज्यूहरु, प्रदेश नं.१ का सबैः- जिल्ला समन्वय समितिको कार्यालय । — जिल्लाका सबै न.पा. तथा गा.पा.मा सम्पर्क गरी सहभागिताको लागि समन्वय गरिदिनु हुन एवं अधिकृत स्तरको कर्मचारी खटाई व्यवस्थापकीय सहयोग गरिदिनु हुन समेत अनरोध छ ।

श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमः समन्वय ईकाई काठमाडौंः — प्रदेशका समन्वय ईकाईहरुसंग आवश्यक समन्वय र कार्यान्वयन (कार्यक्रम स्थान, आवासीय व्यवस्था, स्रोत व्यक्तिको भ्रमण आदि) को व्यवस्था हुन अनुरोध

श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुरः निर्णयानुसारको सहजिकरण हुन अनुरोध ।